**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०६ सितम्बर २०२३

समयः १८:५० - १६:०० बजे

**<u>प्रमुख समाचार</u>**

१. आर.जी कर अस्पतालमा कथित वित्तीय अनियमितताको बारोपमा गिरफ्तार पूर्व प्रधानाचार्य संदीप घोशले सीबीआई जाँचलाई चुनौती दिन्दै दायर गरेको याचिका माथि सुनवाई गर्न शीर्श अदालतले अस्वीकार गरेको छ।

२. प्रधानमंत्री नरेन्द्र मोदीले राष्ट्रिय षिक्षक पुरस्कार विजेता षिकहरूसित आज भेट गरी मातृभाषामा षिक्षाको महत्वबारे प्रकाश पार्नुभयो।

३. आर.जी कर अस्पताल काण्डमा न्यायको मांग गर्दै बीजेपी ले बंगालका मण्डलहरूमा आज चक्का जाम अभियान चलायो।

४. हिन्दू नारीहरूको महान चाँड़ तीज पनर्व गाेखाल्याण्ड क्षेत्रिय प्रषासन जीटिए इलााकामा आज धुमधामसित पालन गरियो।

५. पेरिस पैरालिम्पिकमा हाईजम्पमा प्रवीण कुमारले स्वर्ण पदक जितेका छन्।

६. खरसांगमा जारी अन्तरकार्यालय फूटबल प्रतियोगिताके फाइनलमा आइतको दिन आकाशवाणी खरसांगको भीड़न्त खरसांग सीभीक पुलिससित हुनेछ।

**<u>सर्वोच्च न्यायालय- घोष</u>**

सर्वोच्च अदालतले आर जी कर मेडिकल कलेजमा भएको कथित आर्थिक अनियमितताको सीबीआई जाँचलाई चुनौती दिने सन्दिप घोषको याचिकामाथि सुनुवाई गर्न अस्वीकार गरेको छ। मुख्य न्यायाधीश डीवाई चन्द्रचूडको अध्यक्षतामा रहेको बेन्चले कलकत्ता उच्च न्यायालयले अनुसन्धानको निगरानी गरिरहेको र अनुसन्धानको जिम्मा सीबीआईलाई दिएको जनाएको छ। यस्तो समयमा, अभियुक्तको रूपमा सन्दिप घोषलाई जनहित याचिकाको कार्यवाहीमा हस्तक्षेप गर्ने कुनै अधिकार छैन। घोषकी वकिल मीनाक्षी अरोराका अनुसार यो याचिकामा कथित आर्थिक अनियमितताको सीबीआई जाँचलाई चुनौती दिइएको छैन तर अस्पतालमा डाक्टरको कथित बलात्कार र हत्यासँग यसको सम्बन्धमाथि प्रश्न उठाइएको छ।

****** ० ******

**<u>मुख्य सचिव</u>**

राज्यको मुख्य सचिव मनोज पंतले राज्यपाल सीवी आनंद बोससग शिष्टाचार भेटघाट गर्नुभयो। जसमा राज्यपाल र मुख्य सचिवबीच के भएको थियो भन्ने बारे कुनै विवरण सार्वजनिक गरिएको छैन। राजभवन स्रोतका अनुसार पन्त राज्यपालसँग औपचारिक भेटघाटका लागि राजभवन पुगनुभएको थियो। नवनियुक्त मुख्य सचिवले राज्यपाललाई भेट्ने परम्परा रहिआएको छ, जुन औपचारिकताका रूपमा गरिन्छ। यही औपचारिकताअन्तर्गत पन्तले राजभवनमा उक्त भेट गरेको विश्वास गरिन्छ। यद्यपि राजभवन स्रोतका अनुसार बैठकका क्रममा राज्यपालले हालै राज्य विधानसभामा पारित 'अपराजिता महिला तथा बालबालिका विधेयक २०२४' माथि आपत्ति जनाएका थिए।

****** ० ******

**राज्यपाल- असन्तुष्टि**

राज्यपाल सीवी आनन्द बोसले पश्चिम बङ्गाल विधानसभामा हालै पारित 'अपराजिता' विधेयक २०२४ प्रति असन्तुष्टि व्यक्त गर्नुभएको छ। कुनै पनि विधेयकको सहमतिका लागि आवश्यक पर्ने विधेयकसँगै आवश्यक 'टेक्निकल रिपोर्ट' राज्य सरकारले नपठाएको उहाँको भनाइ छ । उहाँका अनुसार पश्चिम बङ्गाल सरकारले यस्तो रवैया अपनाएको यो पहिलो पटक भने होइन । राज्यपालले अझ भन्नुभयो प्रायः राज्य सरकारले विधानसभामा पारित भएपछि विधेयकसँगै यो आवश्यक रिपोर्ट पठाउँदैन र पछि जब विधेयक पारित हुँदैन, त्यसको दोष राजभवनमाथि थोपरिन्छ। यसका साथै यो सम्पूर्ण प्रक्रिया नियमविपरीत भएको पनि बताउनु भएको छ ।

****** ० ******

**बीजेपी- धर्ना कोलकाता**

कोलकाताको आर.जी कर कलेज र अस्पतालमा महिला प्रशिक्षु डाक्टरसित बलात्कार र निर्मम हत्या साथै पश्चिम बंगालमा महिलाहरूसित लगातार भइरहेको हिन्सा अत्याचार , बलात्कारका घटनाहरूघ्मा राज्यको ममता सरकारको विफलतालाई लिएर बीजेपी ले धर्मतल्लामा लगातार धरना गरिरहेको छ। धरना- प्रदर्शनको आज नवौं दिन हो। बीजेपीले राज्यमा महिलाहरूको सुरक्षा र कानूनको राजको मांग गरिरहेको छ। राज्यमा गुण्डा राज सरकारद्धारा प्रायोजित भएको भन्दै भाजपाले मुख्यमंत्री ममता व्यानर्जीको राजीनामाको मांग गरिरहेको छ। अर्कोतिर आर.जी कर अस्पतालकी पीड़ीताका माता-पिताामाता-पितताले ममता सरकारले आरोपीहरूलाई बचाइरहेको तथा साक्ष्यहरू नश्ट गरेको गंभीर आरोप लागाउँदै पीड़िताले जीवनमा देखेको सुनौलो सपनाहरूलाई मीडियामा सार्वजनिक गर्दै ममता राजमा न्याय नपाइने समेत बताएको छ। मामिलाई दबाउन भनी पुलिसले पीड़िताको माता-पितालाई पैसा दिन अफर समेत गरेको माता पिताले आरोप लगाएका छन्। अकोर्गतिर आर.जी कर काण्ड तथा पश्चिम बंगालमा महिलाहरूको सुरक्षाको मांग गर्दै बीजेपीले राज्यभरी प्रत्येक मण्डल स्तर सम्म चक्का जाम गर्ने अभियान चलाई राखेको छ। राज्यको टिएमसी सरकार हरेक मोर्चामा विफल भएको भन्दै राज्यमा कानून व्यवस्था समाप्त भएको दावी भाजपाले गरिरहेको छ।

****** ० ******

**पीएम-जल संचय**

प्रधानमन्त्री नरेन्द्र मोदीले जल संरक्षण नीति केवल नितिमात्र नभई सामाजिक प्रतिबद्धताको विषय भएको बताउनु भएको छ । उहाँले भन्नुभयो यो एक प्रयास र पवित्र कार्य पनि हो जुन काममा उदारता र जिम्मेवारी छ । प्रधानमन्त्री मोदीले आज गुजरातको सुरतमा भिडियो कन्फरेन्समार्फत जल संरक्षण पहल "'जल संचय जन भागीदारी'" को शुभारम्भलाई सम्बोधन गर्दै उक्त कुरा बताउनु भएको हो। यसका साथै प्रधानमन्त्रीले आगामी पुस्ताका लागि दिगो भविष्य सुनिश्चित गर्न जल संरक्षणका सबै प्रयासमा जनताको सहभागितामा जोड दिनुभयो ।

****** ० ******

**प्रधानमन्त्री**

प्रधानमन्त्री नरेन्द्र मोदीले मातृभाषामा शिक्षाको महत्वमा जोड दिनुभएको छ । श्री मोदीले आज नयाँ दिल्लीमा राष्ट्रीय शिक्षक पुरस्कारले सम्मानित शिक्षकहरूसग अन्तरक्रियाको क्रममा उक्त कुरा बताउनु भयो भने उहाँले ती शिक्षकसँग राष्ट्रिय शिक्षा नीतिको प्रभावबारे छलफल गर्नुभयो ।श्री मोदीले शिक्षकहरूले विद्यार्थीहरूलाई विभिन्न भाषाहरूमा स्थानीय लोककथाहरू सुनाउन सुझाव दिनुभयो ताकि विद्यार्थीहरूले धेरै भाषाहरू सिक्न सकून् र भारतको जीवन्त संस्कृतिसँग परिचित हुन सकून्। प्रधानमन्त्री मोदीले भन्नुभयो, "शिक्षकहरूले आफ्ना विद्यार्थीहरूलाई शैक्षिक भ्रमणमा लैजानुपर्छ ताकी भारतको विविधता जान्न सकुन । यसले विद्यार्थीहरूलाई सिक्न र उनीहरूको देशको बारेमा समग्र रूपमा जान्न मद्दत गर्दछ।

****** ० ******

**पीआईबी कोलकाता**

प्रेस ब्यूरो अफ ईण्डिया -पीआईबी को पूर्व क्षेत्र का अतिरिक्त महानिदेषक एस.एन चौधरीले पीआईबी कोलकाता द्वारा अलिपुरद्धारमा आयोजित वार्तालाप कार्य{मलाई संबोधित गर्दै प्रेसको भूमिकामाथि प्रकाष पार्ने भयो। भारतको सूचना तथा प्रसारण मंत्रालयद्वारा पत्रकारहरूसितको वार्तालाप कार्य{म बमोजित अलिपुरद्धारमा आज वरिश्ठ पत्रकारहरूको भेलालाई

श्री चौधरीले संबोध्दिा गर्नुभयो। यस अवसरमा अलिपुरद्वार संसदीय सीटाका भाजपाका सांसद मनोज तिग्गाले पनि पत्रकारहरूलाई संबोधित गर्नुभयो।

****** ० ******

**तीज**

तीजको व्रत कालेबुङ लगायत दार्जिलिङ पहाडको विभिन्न स्थानमा धार्मिक परम्परागत रूपमा सम्पन्न गरिएको छ। हिन्दू मान्यता अनुसार हरितालिका तीज व्रत विशेष महिलाहरूद्वारा निर्जला व्रत बस्ने परम्परा रहेको छ। यस दिन महिलाहरुद्वारा विवाहित महिलाहरूले आफ्नो पतिको सुस्वास्थ्य दीर्घायुको कामना सहित यो व्रत पानी पनि विशेष शिवजीको पुजा आरधना गरेर व्रत गरिन्छ भने अविवाहित युवतीहरूले योग्य र सक्षम पतिको कामना सहित समाज र परिवारमा समृद्धिको कामना गरेर पूजा अर्चना गर्ने धार्मिक मान्यता रहिआएको छ।

****** ० ******

**ट्राफिक जाम**

बड्दो ट्राफिक जामले गर्दा दार्जीलिङ बदनाम भइरहेकोमा दार्जीलिङ लक्ष्य समुहले क्षोभ प्रकट गरेको छ। वैकल्पिक बाटो तयार नभएसम्म यो समस्याको जिल्ला अनि क्षेत्रीय प्रशासनले निदानको पहल गर्नुसँगै राजमार्ग ५५ किनाराको टुरिष्ट पोइण्टहरूमा छुट्टै पार्किङ व्यवस्था निर्माण गरिनपर्ने समुहले माग गरेका छन्।दुवै सीजनअवधि हुने गाडी जामको कारण मुख्यगरी परिक्षा लेख्ने विद्यार्थी, बिमारी अनि बुडापाकाहरु समस्यामा पर्न जाने बताउँदै अवैध कब्जामा रहेको सरकारी माल गो्दाम परिसरमा पार्किङ स्थल प्रदान गरेर बाहिरका गाडीहरू साइड सीन गर्न नपाउने नियम बनाउने विषयमाथि जोर दिएका छन्। यसरी नै घाम झुल्किनअघि अनि अस्ताएको अबेर रातिसम्म जाम लाग्ने दार्जीलिङमा गाडी चढ्ने-झर्ने, रोक्ने ठाउँको कानुन कार्वाहीको साथ लागु गरिनुको साथै सरकारी बसहरुको समय सारणी सबै कुरालाई ध्यानमा राखेर बनाउनुपर्ने दीपेन लेप्चाले सुझाउ दिएका छन्।

****** ० ******

**राजमार्ग १०**

राष्ट्रिय राजमार्ग १० यथाशिघ्र मालबाहक गाडीहरुको निम्ति पनि खोल्नु पर्ने हाइवे तृणमूल कांग्रेस कमिटी अध्यक्ष संजोक गुप्ताले माग राखेका छन्। पार्टीको पक्षबाट राजमार्गको निरीक्षण गरि बाटोको अवस्था बारे जानकारी जुटाएपछि ८ टनसम्म माल वाहक गाडी आवात जावत गर्न सक्ने आफूहरुले जानकारी पाएको बताउदै संजोक गुप्ताले कुनै पनि गाडीले निर्धारित ओजन भन्दा बढी माल नबोकी दिने आह्वान गरेका छन्।

****** ० ******

**बिजनबारी**

भवनको आवस्था सोचनीय बनेको भन्दै जीटीएद्वारा बिजनबारी पुलबजार ग्राम पन्चायत कार्यलयको मर्मत गरिने भएको छ। लगभग बीस लाखको लागत खर्चमा भवनको मर्मत गरिने बताइएको छ। यसैलाई लक्षित गर्दै शुक्रबार एक वैदिक पुजा अर्चनाको साथमा उक्त मर्मत कार्यको शुभारम्भ पन्चायत प्रधान पदमा सुब्बाको बाहुलीबाट गरियो। कार्यक्रममा प्रधानवाहेक उपप्रधान युवराज सुब्बा ग्राम पन्चायतको सबै वार्डका सदस्यहरु सगै पन्चायतका प्रशासनीक अधिकारीहरु एव सर्वसाधारणको बिशेश उपस्थिति थियो

****** ० ******

**फूटबल**

खरसांगको मन्टिभ्यिट खेल मैदानमा आज खेलिएको अन्तर कार्यालय फूटबल प्रतियोगिताको सेमिफाइनल म्यचहरूमा जीत हासिल गरि सीभिक पुलस खरसांग अनि आकाशवाणी खरसांग फाइनलमा पुगेका छन्। फाइनलमा दुवै टिमको भीड़न्त आउने आइतबार ८ सेप्टेम्बरको दिन हुनेछ। आज खेलिएको पहिलो म्याचमा सीविक पुलिस खरसांगले डब्ल्य.बी.डि.सी.एल हाईड्रोको टिमलाई ३-० गोलले पराजित गरि फाइनामा प्रवेष गरयो। आज खेलिएको अर्को म्याचमा आकाशवाणी खरसांगले एस.आई को टिमलाई ३-१ गोलले पराजित गरि फाइनलमा प्रवेष गरयो। दोस्रो सेमिफाइनल म्याचमा प्रथम उत्तरार्धमा आकाशवाणीको टिम एक गोलले अघि थियो दोस्रो हाफको षुरूमै एस.आईको टिमले गोल गरि स्कोर बराबरीमा ल्यायों तर आकाशवाणीको टिमले अन्य दुई गोल गरि विजय सुनिश्चित गरयो।

****** ० ******